**मिति २०८१ असार २० गतेको तेईसौ कार्यपालिका बैठकका प्रस्तावहरु:**

१.यस भन्दा अगाडिका बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

२. कृषक सम्मान कार्यक्रमको लागि कृषक छनौट सम्बन्धमा ।

३. तेश्रो सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा ।

४. अनुगमन तथा सुपरीबेक्षण प्रतिबेदन स्वीकृत सम्बन्धमा ।

५. बिस्तृत परियोजना प्रतिबेदन स्वीकृत गर्ने सम्बन्धमा ।

६. स्थानीय तहको प्रगति तथा अनुगमन प्रणाली संचालन कार्यविधि, २०८० को जानकारी सम्बन्धमा ।

७. नपुग बजेट सम्बन्धमा ।

८. योजनाको म्याद थप सम्बन्धमा ।

९. लोक्मा चिलाउने पोखरा भरेक रुद्रवेणी पुलक्याम्प चिलाउने पोखरा मो.बा. को रकम भुक्तानी गर्ने ।

१०. एम्वुलेन्स चालकलाई खाजा खाना खर्च उपलब्ध गराउने सम्बन्धमा ।

११. रुरु टोल विकास संस्थालाई रकम भुक्तानी गर्ने सम्बन्धमा ।

१२. पदाधिकारी तथा जनप्रतिनिधिको आचर संहिता सम्बन्धमा

१३. जिल्ला दररेट सम्बन्धमा ।

# मिति २०८१/०३/२० गतेको तेईसौं गाउँकार्यपालिका बैठकका निर्णयहरु

<table>
<tr><th>निर्णय नं.</th><th>निर्णयहरु</th></tr>
<tr><td>१.</td><td>यस भन्दा अगाडीका कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्थाबारे छलफल तथा समीक्षा गरियो । निर्णयहरु कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो साथै प्रमुख प्रशासकीय अधिकृतबाट आ.व. ०८०।०८१ को हालसम्मको वित्तिय प्रगतीको बारेमा बैठकमा जानकारी प्राप्त भयो ।</td></tr>
<tr><td>२.</td><td>गाउँपालिकाको आ.व. ०८०।०८१ को वार्षिक कार्यक्रम अनुसार कृषक सम्मान कार्यक्रमको लागि निवेदन दिएका ३१ जना कृषकहरु मध्ये गत आ.व.मा सम्मान गरिएका कृषकहरु र फर्म दर्ता नगरिएका कृषकहरुलाई समेत यस आ.व. मा सम्मान नगर्ने र बाँकी रहेका कृषकहरुमध्ये देहायका कृषकहरुलाई मिति २०८१ असार २३ गते सम्मान गर्ने ।<br>देहाय:<br>
<table>
<tr><th>क्र.सं.</th><th>नाम थर</th><th>ठेगाना</th><th>फर्मको नाम</th></tr>
<tr><td>१.</td><td>मनकला भट्टराई</td><td>रुरुक्षेत्र-१</td><td>आरफ कफी नर्सरी तथा कृषी फर्म</td></tr>
<tr><td>२.</td><td>रविन्द्र शाह</td><td>रुरुक्षेत्र-२</td><td>बोयर तथा खरि बाखा पालन केन्द्र</td></tr>
<tr><td>३.</td><td>यज्ञमुर्ति भण्डारी</td><td>रुरुक्षेत्र-२</td><td>गोबिन्दी कृषि तथा पशुपंक्षी फर्म</td></tr>
<tr><td>४.</td><td>भीमा कुँवर</td><td>रुरुक्षेत्र-२</td><td>आयान कृषि पशुपंक्षी फर्म</td></tr>
<tr><td>५.</td><td>दिपक नेपाली</td><td>रुरुक्षेत्र-३</td><td>झमादी कृषि तथा पशुपंक्षी फर्म</td></tr>
<tr><td>६.</td><td>लेखनाथ गौतम</td><td>रुरुक्षेत्र-३</td><td>गौतम कृषि फर्म</td></tr>
<tr><td>७.</td><td>तिल कुमारी श्रेष्ठ</td><td>रुरुक्षेत्र-४</td><td>श्रेष्ठ कृषि तथा पशुपंक्षी फर्म</td></tr>
<tr><td>८.</td><td>तेज बहादुर खत्री</td><td>रुरुक्षेत्र-४</td><td>स्मार्ट कृषि तथा पशुपंक्षी फर्म</td></tr>
<tr><td>९.</td><td>विनोद ज्ञवाली</td><td>रुरुक्षेत्र-५</td><td>कमला एग्रो फर्म</td></tr>
<tr><td>१०.</td><td>राम बहादुर नेपाली</td><td>रुरुक्षेत्र-५</td><td>लक्ष्मी कृषि तथा पशुपंक्षी फर्म</td></tr>
<tr><td>११.</td><td>सीता राना</td><td>रुरुक्षेत्र-५</td><td>धिउबेसीं बंगुर पालन फर्म</td></tr>
<tr><td>१२.</td><td>चेत बहादुर बस्नेत</td><td>रुरुक्षेत्र-६</td><td>सुभास कृषि तथा पशुपंक्षी फर्म</td></tr>
</table></td></tr>
<tr><td>३.</td><td>रुरुक्षेत्र गाउँपालिकाको आ.व. ०८०।०८१ को तेस्रो चौमासिक अवधी सम्म सम्पादन भएका विभिन्न कार्यक्रमहरु, सेवा प्रवाह, सुशासन लगायत हालसम्मको प्रगति प्रतिबेदन सहितको तेस्रो सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८१ असार २१ गते ३ नं. वडा कार्यालय, धानपतिमा संचालन गर्ने । उक्त कार्यक्रममा आम नागरिकको चासो, गुनासो तथा प्रतिक्रियाको लागि व्यापक जनसहभागिता गराउन वडा कार्यालयहरुले आवश्यक व्यवस्था मिलाउने ।</td></tr>
</table>

४. गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा गठित अनुगमन समितिले विभिन्न योजनाहरुको अनुगमन गरी पेश गरेको अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदन स्वीकृत गर्ने र योजनाहरुको प्राविधिक जाँचपास गरी पेश भएका योजनाहरुको फरफारक गरी भुक्तानी गर्ने ।

५. यस गाउँपालिकाको देहायका क्षेत्रको समग्र विकासको लागि बिस्तृत परियोजना प्रतिवेदन तयार गरिएकोमा परामर्श दाताहरुले पूर्वाधार शाखाको पुनरावलोकन गर्ने निर्देशन अनुसार पेश गरेको अन्तिम प्रतिवेदन पूर्वाधार विकास शाखाबाट आवश्यक चेकजाँच गरी Verify तथा स्वीकृत भएको बिस्तृत परियोजना प्रतिवेदनहरु (DPR) स्वीकृत गरी सम्झौता बमोजिम सम्बन्धीत फर्मलाई रकम भुक्तानी गर्ने ।

देहाय:

| क्र.सं. | बिस्तृत परियोजना प्रतिबेदन (DPR) तयार गरिएको क्षेत्र | DPR तयार गरिएको क्षेत्र | रकम रु. |
|---|---|---|---|
| १. | शिब मन्दिर निर्माण, रुरुक्षेत्र-१ | अस्त्र इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि., काठमाडौं | ३,७८,५५०/- |
| २. | रिडी खेलमैदान निर्माण, रुरुक्षेत्र-१ | बारबरा इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि., काठमाडौं | ३,९८,३२५/- |
| ३. | घिउबेसीं खेलमैदान निर्माण, रुरुक्षेत्र-४ | एरो इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि., काठमाडौं | ४,४८,६१०/- |

६. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौंले स्वीकृत गरेको स्थानीय तहको प्रगति तथा अनुगमन प्रणाली संचालन कार्यविधि, २०८० बैठकमा छलफल भयो । कार्यविधिमा उल्लेख गरिएका विभिन्न क्षेत्रहरुमा सम्बन्धित शाखा प्रमुखहरुले उत्कृष्ट नतिजा प्राप्त हुने गरी कार्ययोजना सहित कार्यक्रमहरु सम्पादन गर्न निर्देशन दिने र सोही अनुसार कार्य सम्पादन मूल्याङ्कन गर्ने ।

७. जग्गा भाडामा लिएर खेती गर्ने किसानलाई भाडामा अनुदान शिर्षकबाट रु. ६५ हजार र कृषि ऋण लिएर खेती गर्ने किसानलाई व्याजमा ५० प्रतिशत अनुदान शिर्षकबाट रु. ८८ हजार गरी जम्मा रु. १ लाख ५३ हजार रकम कृषकलाई उत्पादनमा आधारित अनुदान कार्यक्रममा रकमान्तर गरी उत्पादनमा आधारित अनुदान भुक्तानी गर्ने ।

८. ठेक्का नं. ORRM-W-NCB-34-080/81 (Upgrading of Chautara Neta Lokma Deurali Road, Phase 2) को निर्माण कार्यको संझौता तिलिस्मी कन्स्ट्रक्सन प्रा.लि., गुल्मीसँग भएकोमा उक्त फर्मले सम्झौताको म्याद थपको लागि निवेदन पेश गरेकोले, सो निर्माण कार्यको अवधि मिति २०८१ असार २० मा सकिने भएकोले सार्बजनिक खरिद नियमाबली, २०६४ (संशोधन सहित) को नियम १२१ बमोजिमको पूर्व निर्धारित क्षतिपूर्ति लिनेगरी नियम १२० बमोजिम सम्झौताको म्याद समाप्त भएको मिति देखी २०८१ असोज मसान्तसम्मको लागि थप गर्ने ।

९. २ नं. वडा कार्यालय, ग्वादीबाट बर्षादको समयमा बाढी पहिरोको कारण अवरुद्ध भएका कच्ची सडकहरुमा पहिरो पन्छ्याउने कार्य पनरोमा कन्स्ट्रक्सन एण्ड सप्लायर्स, गुल्मीबाट सम्पन्न गरेकोले उक्त रकम निकासाको लागि माग भई आएको हुँदा मर्मत सम्भार कोषबाट रु. ३८,००८/- रकम भुक्तानी गर्ने ।

| | |
|---|---|
| १०. | यस गाउँपालिकाका प्रसुति हुने महिलाहरु, अन्य रोगबाट ग्रसित अशक्त आपाङ्ग तथा विपन्न नागरिकहरुलाई गाउँपालिका देखी बाहिर निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउदा एम्बुलेन्स चालकहरुलाई जिल्ला बाहिरका अस्पतालहरुमा पुऱ्याउनु परेमा प्रति दिन रु. ५००/- खाजा खाना खर्च उपलब्ध गराउने । |
| ११. | १ नं. वडा कार्यालय, रुरुको च.नं. ९५२ मिति २०८१/०३/१२ को पत्रबाट मिति २०८१/०१/०८ र ११ गते थोर्गामा लागेको आगो नियन्त्रणका लागि टयाङ्करमा इन्धन राखी पानी ढुवानी गरिएको हुँदा उक्त पानी ढुवानी गर्दाको इन्धन खर्च रु. १४,०३८/- र खाजा नास्ताको रु. २,४५०/- गरी जम्मा रकम रु. १६,४८८/-रुरु टोल विकास संस्थालाई भुक्तानी गर्ने । |
| १२. | गाउँपालिकाबाट नागरिकलाई प्रदान गर्ने सेवा प्रवाहलाई प्रभावकारी कार्यान्वयन गर्न तथा वस्तुनिष्ठ बनाउँदै जवाफदेहीता बहन गर्न गाउँपालिकाका कर्मचारी तथा पदाधिकारीहरुले सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ तथा नियमावली, २०६५ मा व्यवस्था भएका आचरणहरु तथा गाँउ कार्यपालिकाको सभा र कार्यपालिका वैठक सञ्चालन सम्बन्धि आचारसहिंता पूर्ण रुपमा पालना गर्ने, अन्य तोकिएका आचरण सम्बन्धी आचार संहिता तथा मन्त्रालय, आयोगबाट आचरण पालना सम्बन्धी प्राप्त मार्ग दर्शनहरुलाइ समेत पालना गर्दै प्रभावकारी सेवा प्रवाहको व्यवस्था मिलाउने । |
| १३. | जिल्ला प्रशासन कार्यालय, गुल्मीबाट आ.व. २०८१/०८२ को ज्यामी, ज्याला, ढुवानी तथा निर्माण सामाग्रीहरुको स्वीकृत जिल्ला दररेट समितिबाट प्राप्त भए बमोजिम सोही दररेट अनुसार गाउँपालिकाले आफ्नो दररेट कायम गरी निर्माण लगायतका कार्यहरु गर्ने । |

CamScanner